# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५३
मितिः २०८३/०१/१५

<u>एजेण्डाहरुः</u>

१. समीक्षा सम्बन्धमा।
२. तेश्रो त्रैमासिक अवधिको आ.ले.प.प्रतिवेदन सम्बन्धमा।
३. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा।
४. आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रमहरुको प्राथमिकता निर्धारण सम्बन्धमा।
५. कूल बजेट अनुमान, सीमा निर्धारण एवम् बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन सम्बन्धमा।
६. विषयगत समितिको बैठक सम्बन्धमा।
७. राजश्व परामर्श समितिबाट राजश्व अध्ययनन एवम् प्रतिवेदन सम्बन्धमा।
८. अनुगमन तथा सुपरीवेक्षण समितिको अनुगमन प्रतिवेदन पेश गर्ने सम्बन्धमा।
९. टोल, बस्ती र वडास्तरमा योजना छनौट सम्बन्धमा।
१०. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आयोजनामा अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ मा मिति २०८२/१२/०९ गतेदेखि २०८२/१२/२३ गतेसम्म सञ्चालन गरिएको चुरापोते बनाउने तालिमले विपन्न तथा लक्षित वर्गका महिलाहरूलाई सीप विकासमार्फत आयआर्जनमा महत्वपूर्ण टेवा पुऱ्याएको हुँदा आगामी दिनहरूमा समेत यस्ता सीपमूलक तथा स्वरोजगारमूलक कार्यक्रमहरूलाई निरन्तरता प्रदान गर्दै थप प्रभावकारी रूपमा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट पेश भएको तेश्रो त्रैमासिक अवधिको आ.ले.प. प्रतिवेदन उपर छलफल गरियो। लेखा परीक्षणका क्रममा औंल्याइएका कमीकमजोरीहरूलाई सुधार गर्न विषयगत शाखा एवम् सरोकारवाला निकायहरुलाई आवश्यक निर्देशन प्रदान गर्न सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश, नेपाल २०७३

बैठक सं. ५३

मितिः २०८३/०१/१५

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदान र गत वर्षको मौज्दात सहितको अर्जुनचौपारी गाउँपालिकाको श्रोत अनुमान तथा सीमा निर्धारण समितिले पेश गरेको आगामी आर्थिक वर्ष २०८३/०८४ तपसिल बमोजिम बजेट, स्रोत अनुमान तथा सीमा निर्धारण गरी सोही अनुसार बजेट आर्थिक वर्ष २०८३/०८४ का लागि वार्षिक विकास कार्यक्रम निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| आय | | | | | |
|---|---|---|---|---|---|
| शीर्षक | आ व ०८१/८२ को यथार्थ आय | चालु आ व ०८२/८३ को संशोधित अनुमान | आ व ०८३/८४ को प्रक्षेपण | आ व ०८४/८५ को प्रक्षेपण | आ व ०८५/८६ को प्रक्षेपण |
| संघीय सरकार | २८३७८४३८० | ३०१२००००० | ३२२१००००० | ३३५७००००० | ३५३०००००० |
| समानिकरण अनुदान | ७५०५९६८० | ७९३००००० | ८१०००००० | ८४०००००० | ८७०००००० |
| सशर्त अनुदान | १९२०२४७०० | २०३९००००० | २१८१००००० | २२६७००००० | २३६०००००० |
| विशेष अनुदान | ० | ७५००००० | ८०००००० | १०००००००० | १५००००००० |
| समपुरक अनुदान | १६७०००००० | १०५०००००० | १५००००००० | १५००००००० | १५००००००० |
| प्रदेश सरकार | १९८१४००० | १९७८९००० | १९८७२००० | २३८१९००० | ३३३००००० |
| समानिकरण अनुदान | ९८१४००० | ९७८९००० | ९८७२००० | १०८१९००० | ११३००००० |
| सशर्त अनुदान | ० | ० | ० | ० | ५०००००० |
| विशेष अनुदान | ४०००००० | ४०००००० | ४०००००० | ७०००००० | १०००००००० |
| समपुरक अनुदान | ६०००००० | ६०००००० | ६०००००० | ६०००००० | ७०००००० |
| राजस्व बाडफाड | ६६६१५४४३ | ७४७२१६५३ | ७७७५२००० | ८२७६०००० | ८७४४७००० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६३०००३२४ | ६६९२६६५३ | ६९४८१००० | ७३६२६००० | ७७३००००० |
| ४८६६बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३६१५११९ | ७३९५००० | ७६७१००० | ८१३४००० | ८९४७००० |
| स्थानीय राजश्व बाँडफाँड | ० | ४००००० | ६००००० | १०००००० | १२००००० |
| अन्तरिक श्रोत | १४४०६७१८ | ८०००००० | ८८००००० | १०००००००० | १५००००००० |
| जन सहभागिता | १७००००० | ० | ० | ० | |
| गत बर्षको मौज्दात | १७३८११९८३ | ८२५१९३४७ | १०००००००० | १०००००००० | १०००००००० |
| जम्मा | ५६०१३२५२७ | ४८६२३०००० | ४३८५२४००० | ४६२२७९००० | ४९८७४७००० |

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५३
मितिः २०८३/०१/१५

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रमहरूको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी कार्यान्वयन गर्न अध्ययन छलफल तथा विश्लेषण गरी गाउँपालिकाको आवश्यकता, स्रोत-साधनको उपलब्धता जनसङ्ख्याको चाप, विकासको असमानता न्यूनीकरण, पूर्वाधार विकास, सामाजिक क्षेत्रको सुदृढीकरण, कृषि तथा रोजगारी प्रवर्द्धन एवम् विपद व्यवस्थापन लगायतका विषयलाई प्राथमिकतामा राखी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाको आन्तरिक आम्दानी, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, तथा चालु/पुँजीगत खर्चको पूर्वानुमानका आधारमा आगामी आर्थिक वर्ष २०८३/०८४ को कूल बजेट अनुमान, सीमा निर्धारण, बजेट तर्जुमा साथै गाउँपालिकाका प्रत्येक वडाहरुलाई वडाबाट संकलित राजश्वलाई समेत आधार मानी तपसिल बमोजिमको बजेट सिलिङ् एवम् अख्तियारी उपलब्ध गराउने सर्वसहमत निर्णय गरियो।

तपसिलः

| सि.नं. | वडा नं. | बजेट शिलिङ्ग (रु ०००मा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | न्यूनतम अनुदान | राजश्व संकलनको आधारमा थप अनुदान | कार्यसम्पादनमा आधारित अनुदान | विशेष अनुदान | समपुरक अनुदान ५० प्रतिशत | कूल जम्मा अनुदान |
| १ | १ | ३५० | 850 | 892 | 70 | २०० | २५० | २६१४ |
| २ | २ | ३५० | 850 | 586 | 70 | २०० | २५० | २३१० |
| ३ | ३ | ३५० | 850 | 534 | 70 | २०० | २५० | २२६० |
| ४ | ४ | ३५० | 850 | 262 | 70 | २०० | २५० | १९९० |
| ५ | ५ | ३५० | 850 | 430 | 70 | २०० | २५० | २१६० |
| ६ | ६ | ३५० | 850 | 378 | 70 | २०० | २५० | २११० |
| **जम्मा** | | **2100** | **5100** | **3058** | **420** | **१२००** | **१५००** | **१३४४४** |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश, नेपाल २०७३

बैठक सं. ५३
मितिः २०८३/०१/१५

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक, सामाजिक, सुशासन, पूर्वाधार, वन वातावरण तथा विपद् विषयगत समितिबाट पेश भएको प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राजश्व स्रोतको दिगो परिचालन एवम् राजश्व संकलनको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित राजश्व स्रोतहरूको पहिचान, वर्तमान संकलन अवस्था, करदाताको दायरा, दररेटको उपयुक्तता तथा संकलन प्रक्रियामा देखिएका समस्या र चुनौतीहरूको विश्लेषण गरी सुधारका लागि ठोस सुझावसहितको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने जिम्मेवारी राजश्व परामर्श समितिलाई प्रदान गरी उक्त प्रतिवेदन निर्धारित समयसीमाभित्र गाउँ कार्यपालिकामा पेश गर्ने र सोको आधारमा आवश्यक नीतिगत तथा कार्यक्रमगत सुधार कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक श्री सपना गुरुङबाट पेश गर्नु भएको अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल पश्चचत स्वीकृत गरी प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सम्पूर्ण वडा कार्यालयहरुले टोल-टोल, बस्ती-बस्तीबाट योजना छनौट एवम् प्राथमिकीकरण गरी मिति २०८३ जेष्ठ १७ गते भित्र गाउँपालिकामा पेश गर्ने र उक्त कार्यका लागि गाउँपालिकाले आवश्यक सहजीकरण मिलाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५३
मितिः २०८३/०१/१५

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (क) माथि छलफल गर्दा फेदीखोला गाउँपालिका वडा नं. १ स्थित श्री अमोर सेवा नेपाल बालगृहमा संरक्षणमा रहेका अनाथ बालबालिकाको दैनिक जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले खाना तथा लत्ताकपडाको व्यवस्था गर्न आवश्यक देखिएको हुँदा उक्त संस्थालाई शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. ५०,०००/- (पचास हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (ख) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी नन्दलाल पौडेलको नातिनी विमला पौडेल छोरी वर्ष २ की साइसा पौडेल ब्रेन ट्युमर भई त्रि.वि. शिक्षण अस्पताल काठमाडौंमा उपचारार्थ रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको उपचारका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. ५०,००० (अक्षरेपी रू. पचास हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (ग) माथि छलफल गर्दा पुतलीबजार नगरपालिका वडा नं. १४ स्थित श्री पाणिनी आश्रम तथा पाणिनी गुरुकुलको आयोजनमा मिति २०८३ वैशाख ७ गते देखि १३ गतेसम्म सञ्चालन गरिएको श्रीमद्भागवत सत्संग सप्ताह, वास्तु पुजन लघुरुद्राभिषेक, सांगीतिक कथा प्रवचन कार्यक्रमका लागि संस्थालाई शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम धार्मिक तथा अन्य संघसंस्था सहायता शीर्षकबाट रु. २५,०००।- (पच्चिस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५३
मितिः २०८३/०१/१५

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (घ) माथि छलफल गर्दा नेपालको संवैधानिक प्रावधानअनुसार हाल भूमिसुधार/मालपोत कार्यालय तथा नापी कार्यालयबाट प्रवाह हुँदै आएका सेवाहरूलाई क्रमशः अर्जुनचौपारी गाउँपालिकाबाट नै प्रभावकारी रूपमा सञ्चालनमा ल्याउन आवश्यक कानुनी प्राविधिक तथा प्रशासनिक प्रक्रिया अगाडि बढाउने एवम् उक्त कार्यका लागि आवश्यक जनशक्ति, भौतिक पूर्वाधार तथा स्रोत-साधनको समुचित व्यवस्थापन गरी सेवा प्रवाहलाई सहज, पहुँचयोग्य र व्यवस्थित बनाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (ङ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाका ६ वटै वडामा लक्षित उमेर समूहका बालबालिकाहरूलाई राष्ट्रिय खोप तालिका अनुसार आवश्यक सम्पूर्ण खोपहरू पूर्ण रूपमा लगाइसकिएको तथा यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अभिलेखीकरण, तथ्याङ्क प्रमाणीकरण एवम् अनुगमन कार्यहरू सम्पन्न भएको हुँदा अर्जुनचौपारी गाउँपालिका पूर्ण खोप सुनिश्चित घोषणाका लागि जिल्ला खोप समन्वय समिति स्याङ्जालाई अनुरोध गर्ने साथै उक्त उपलब्धिलाई दिगो र प्रभावकारी बनाउन नियमित अनुगमन, समय-समयमा अभिलेख अद्यावधिक तथा निरन्तर जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (च) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र रहेका बालबालिकाहरूको हित संरक्षण, समग्र विकास तथा सामाजिक सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले निर्माण गरिएको अर्जुनचौपारी गाउँपालिकाको बालकल्याण कोष स्थापना एवम् सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५३

मितिः २०८३/०१/१५

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र कुनै पनि स्थानमा बाल श्रमिक नरहेको अवस्थालाई सुनिश्चित गर्दै सो अवस्थालाई संस्थागत रूपमा दिगो बनाउने उद्देश्यले बाल श्रम मुक्त स्थानीय तह घोषणा गर्ने कार्यक्रम सञ्चालनका लागि रु.१ लाख साझेदारी रकम सहयोग उपलब्ध गराइदिनु हुन राष्ट्रिय बाल अधिकार परिषद श्रीमहल, पुलचोक, ललितपुर लाई पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (ज) माथि छलफल गर्दा आँधिखोला गाउँपालिका वडा नं. २ स्थित प्रगतिशिल युवा क्लबद्वारा मिति २०८२/११/०१ देखि मिति २०८२/११/०५ गतेसम्म सञ्चालन भएको अन्तर पालिकास्तरीय खुल्ला भलिबल प्रतियोगिताका सञ्चालनका लागि जिल्ला/पालिकास्तरीय खेलकूद कार्यक्रम (राष्ट्रपति रनिङ शिल्ड, खेल सहायता र खेलकूद सामाग्री खरिद समेत) शीर्षकबाट रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (झ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएको एवम् वर्गीकरणका क्रममा त्रृटि भएका तपसिल बमोजिमका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५३

मितिः २०८३/०१/१५

| सि.नं. | साविक गा.वि.स | वडा नं हाल | वडा नं साविक | भएको किसिम | हुनुपर्ने किसिम | आधार |
|---|---|---|---|---|---|---|
| १ | अर्जुनचौपारी | १ | ५ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर २११६,२११७** | | | | | | |
| २ | रापाकोट | ३ | ८ | आवास | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर ६५३** | | | | | | |
| ३ | अर्जुनचौपारी | १ | ५ | वर्गीकरणमा छुटेको | आवस | हेलु- अर्जुनचौपारी सडक केन्द्र बाट १०० मि भित्रको |
| **कित्ता नम्बर ३४२८** | | | | | | |
| ४ | रापाकोट | ४ | ४ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर १६४०,१६४१** | | | | | | |
| ५ | रापाकोट | ४ | ४ | वन | कृषि | लालपुर्जा कायम रहेको,आवसको लागि उपयुक्त नरहेको कित्ता |
| **कित्ता नम्बर १६४८** | | | | | | |
| ६ | रापाकोट | ३ | ७ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर २१०४** | | | | | | |
| ७ | पञ्चमुल | ४ | ३ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर ८७४** | | | | | | |
| ८ | आरुचौर | ५ | ९ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर ७०३,७०४,७४४,७५६,७५९, ७६७,७६८,७०९** | | | | | | |
| ९ | अर्जुनचौपारी | २ | ६ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर २३६३,३१३२** | | | | | | |
| १० | पञ्चमुल | ४ | ३ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर ९,३५** | | | | | | |
| ११ | सतौदरौ | ६ | १ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर १४३९,१४४०** | | | | | | |
| १२ | सतौदरौ | ६ | ३ | कृषि | आवस | हाल घर कायम रहेको कित्ता |
| **कित्ता नम्बर १३** | | | | | | |
| १३ | सतौदरौ | ६ | ८ | सार्वजनिक | कृषि | लालपुर्जा कायम रहेको,आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर ३६२** | | | | | | |
| १४ | आरुचौर | ५ | ९ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५३

मितिः २०८३/०१/१५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| **कित्ता नम्बर २,१६१२,१६१५,१६१७,१६२०,१६२३,१६२६, १६२९,१६६० १६६५,१६६८** | | | | | | |
| १५ | आरुचौर | ५ | ८ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर ५०४,५०६,५६७,५७८,५८८, ५९८,६०१,६७१, ६७४,६८५,८१०,६८९,१४६५, १४६७,१४७२, १४९०,१४९३, १४९५,१४९७,१५००,१५०३,१५०५,१५०७,१५१२,१५१६,६६६,५०९,५६५,५८३ १५५८,१५६१, ६७७ १४६५,१४६३,१४७४** | | | | | | |
| १६ | आरुचौर | ५ | ८ | सार्वजनिक,वन | कृषि | लालपुर्जा कायम रहेको,आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर १०४९,१०५१** | | | | | | |
| १७ | अर्जुनचौपारी | १ | ३ | वन | कृषि | लालपुर्जा कायम रहेको,आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर १८६** | | | | | | |
| १८ | अर्जुनचौपारी | १ | ४ | सार्वजनिक | आवस | नरभञ्यामङ- अर्जुनचौपारी सडक केन्द्र बाट १०० मि भित्रको |
| **कित्ता नम्बर ५२६,९५०** | | | | | | |
| १९ | अर्जुनचौपारी | १ | ४ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| **कित्ता नम्बर १२७,१६२,६६४, ९७०,११६,१२८,५५७** | | | | | | |
| २० | अर्जुनचौपारी | १ | २ | वर्गीकरणमा छुटेको | आवास | हेलु-अर्वजुनचौपारी सडकबाट १०० मिटर भित्रको |
| **कित्ता नम्बर ११४५** | | | | | | |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (ञ) माथि छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै आएका सेवाहरू स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि बमोजिमका कार्यहरू यस अर्जुनचौपारी गाउँपालिकाबाट सञ्चालन गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।साथै उक्त कार्यको प्रभावकारी कार्यान्वयन तथा समन्वयका लागि सम्पर्क व्यक्ति (फोकल पर्सन) का रूपमा यस कार्यालयमा कार्यरत निम्न कर्मचारीहरूलाई तोक्ने निर्णय गरियो।

तपसिलः

१. अस्मिता रेग्मी

२. अनिता ढकाल

३. प्रशान्त रेग्मी

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५३

मितिः २०८३/०१/१५

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (ट) माथि छलफल गर्दा पुतलीबजार नगरपालिका वडा नं. १ स्थित AP-75 युवा क्लबले मिति २०८२/१२/११ देखि मिति २०८२/१२/१४ गतेसम्म सञ्चालन गरेको **7 A Side** फुटबल प्रतियोगिताका सञ्चालनका लागि जिल्ला/पालिकास्तरीय खेलकुद कार्यक्रम (राष्ट्रपति रनिङ शिल्ड, खेल सहायता र खेलकूद सामाग्री खरिद समेत) शीर्षकबाट रु. १५,०००/- (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (ठ) माथि छलफल गर्दा वालिङ नगरपालिका स्थित वालिङ जेसीजको आयोजनमा मिति ३०८३ जेठ २ र ३ गते वालिङमा सञ्चालन हुन लागेको Bringing Excellence in Secretaries & Treasures (BEST 2026) कार्यक्रमका सफलतापूर्वक सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले धार्मिक तथा अन्य संङ्घ संस्था सहयोग शीर्षकबाट रु २० हजार आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक सं. ५३
मितिः २०८३/०१/१५

**निर्णय नं. १०**

प्रस्ताव नं. १० (ट) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यार्थी संख्या, भौगोलिक अवस्था, स्रोत-साधनको प्रभावकारी उपयोग तथा शिक्षक दरबन्दीको समुचित व्यवस्थापन गर्न गाउँपालिका विद्यालय मर्ज एवम् दरबन्दी मिलान समितिबाट पेश भएको सिफारिस तथा प्रतिवेदनका एवम् शिक्षा समितिको निर्णयका आधारमा तपसिल बमोजिमका विद्यालय मर्ज, तह घटुवा एवम् शिक्षक दरबन्दी मिलान गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता